**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख ५ गते**
कर्णालीका विभिन्न जिल्ला तथा स्थानीय तहमा कोरोना प्रभावितलाई सिधै राहत दिन नपाइने भएको छ । वैशाख ४ गते बसेको कर्णाली प्रदेश सरकारको मन्त्रिपरिषद बैठकले सहयोग गर्न चाहने व्यक्ति तथा संघ/संस्थाले राहत सामग्री स्थानीय तहलाई उपलव्ध गराई स्थानीय तहले नै वितरण गर्न व्यवस्था मिलाउने निर्णय गरेको छ ।
बैठकले आवागमनको कारणबाट कोरोनाको सामुदायिक संक्रमणको सम्भावना रोकथामका लागि जहाँ जुन स्थानमा छन् सोही स्थानमा नागरिकहरूको बस्ने व्यवस्था मिलाउने र शुरूवाती बिन्दुबाट नै प्रस्थान तथा आवागमन गर्न नपाउने गरी रोक लगाइ लकडाउनलाई अझ प्रभावकारी बनाउन नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय समेत गरेको छ ।
यसैगरी स्थानीय तह, जिल्ला र प्रदेशले फरक स्थानीय तह, जिल्ला र प्रदेशका बासिन्दालाई विभेद र अपमानजनक व्यवहार गर्ने, आफ्नो सीमाना कटाइ अलपत्र अवस्थामा छोड्ने गरेको पाइएको र यस्तो प्रवृत्तिले जनताको जीउ धनको सुरक्षामा जोखिम बढेको हुँदा सबै नागरिकहरूलाई समान व्यवहार गर्न र सम्मानजनक रूपमा सुरक्षा प्रत्याभूति गराउन सबै प्रदेश, जिल्ला र स्थानीय तहलाई निर्देशन हुनका लागि नेपाल सरकार समक्ष अनुरोध गर्ने पनि बैठकको निर्णय छ ।
कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधि मार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** सिंजा गाउँपालिकाको नराकोटस्थित साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड डिपो कार्यालय शिलबन्दी गरिएको छ । म्याद नाघेको आयोडन नुन वितरण गरेपछि इलाका प्रशासन कार्यालय नराकोट जुम्लाले डिपो शिलबन्दी गरेको हो ।
लकडाउनले मर्कामा परेका विपन्न परिवारलाई हिमा गाउँपालिकाले राहत वितरण गर्ने क्रममा म्याद सकिएको नुन दिएको गुनासो आएपछि प्रशासनले अनुगमन गर्दा हिमा गाउँपालिका-१ का नरेन्द्र विक र बबरजंग शाहीले पाएको नुनको उत्पादन मिति क्रमशः २०१६ र २०१७ उल्लेख गरिएको थियो । उत्पादित मिति देखि दुई वर्षसम्म मात्र नुन उपभोग योग्य मानिन्छ ।
जनप्रतिनिधि तथा अन्य व्यक्तिहरुको रोहवरमा डिपो भवनको मूल ढोकामा रहेको तालामाथि अर्को ताला लगाउनुका साथै भवन बाहिर रहेको ४८ बोरा नुन समेत बिहिबार शिलबन्दी गरिएको प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेले बताउनुभयो ।
हिमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टोपबहादुर बुढाले गाउँपालिकाले अग्रीम जानकारी गराउँदा गराउँदै डिपोबाट म्याद सकिएको नुन बेचेको बताउनुभयो । उहाँका अनुसार नुन खरीद गर्नुपूर्व डिपो प्रमुखसँग म्याद नसकिएको, डल्ला नपरेको, कुनै गुनासो नहुने गरी नुन उपलब्ध गराउन आग्रह गरिएको थियो ।
साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड जुम्लाका प्रमुख खगेन्द्र मल्लका अनुसार म्याद नाघेको नुनमा आयोडिन भए-नभएको यकीन गर्न ल्याब परीक्षण गर्न पठाइएको छ ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** कोरोनाको आशंकामा जिल्लाको बाँफीकोट गाउँपालिका वडा नम्बर ६, ७ र ८ का दुई सय ८८ जनाको द्रुत परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ रहेको छ ।

वैशाख ४ र ५ गतेसम्म गरिएको परीक्षणमा वडा नम्बर ६ का कोरोना आशंका गरिएका व्यक्तिका परिवारका ४ सदस्य सहित एकसय ९३ जना र वडा नम्बर ७ का कोरोना आशंका गरिएका परिवारका ४ सहित ४० जना र नजिकै जोडिएको वडा नम्बर ८ मा ५५ जना सबैको रिपोर्ट नेगेटिभ आएको गाउँपालिकाका अध्यक्ष धर्मबहादुर केसीले बताउनुभयो ।
उहाँका अनुसार तीनवटै वडाबाट २० जनाको स्वाब समेत संकलन गरेर परीक्षणका लागि सुर्खेत पठाइएको छ । जसमा वडा नम्बर ६ बाट १० जना, ७ बाट ४ र ८ बाट ६ जना रहेका छन् । कोरोना संक्रमणको आशंका गरिएका दुईजनाको स्वाब परीक्षण रिपोर्ट भने काठमाडौंबाट आउन बाँकी रहेको छ ।
त्यसैगरी सानीभेरी गाउँपालिकाले गाउँपालिका भित्रिने चारैतिरका नाकाहरु पूर्ण रुपमा बन्द गरेको छ भने बाँफीकोट गाउँपालिकाले पनि सबै वडामा एक टोलबाट अर्को टोलमा आवतजावत गर्न प्रतिबन्ध गरेको छ । बाँफीकोट गाउँपालिकाका प्रत्येक टोलका नाकामा सबै वडाका स्थानीय युवा र प्रहरी परिचालन गरी आवतजावतमा कडाइ गरिएको गाउँपालिकाका अध्यक्ष केसीले बताउनुभयो । कोरोना संक्रमणको सम्भावित अवस्थालाई मध्यनजर गरेर आवतजावतमा कडाइ गरिएको दुवै गाउँपालिकाले जनाएका छन् ।
त्यस्तै मुसीकोट नगरपालिका वडा नम्बर २ मा लकडाउनका कारण समस्यामा परेका ३५ विपन्न परिवारलाई खाद्यान्न वितरण गरिएको वडा अध्यक्ष काशीराम खड्काले बताउनुभयो ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** नेपाल टेलिभिजन र नयाँ पत्रिकाका हुम्ला संवाददाता चंखेलि गाउँपालिका-५ बस्ने २९ वर्षीय नरजन तामाङलाई नेपाल प्रहरीका सई ५२ वर्षीय देवबहादुर चन्दले धम्की दिएको भन्दै पीडितले बैशाख ५ गते प्रहरीमा मौखिक उजुरी गर्नुभएको छ ।
सदरमुकाम सिमकोटमा रहेको विमान स्थलमा बैशाख ५ गते लकडाउनमा खाद्यान्न अभाव हुन नदिन हवाई जाहाजद्धारा ल्याइएको चामलको फोटो खिच्न पुगेका पत्रकारलाई चन्दले अपशब्द बोलेको पीडितले आरोप लगाउनु भएको छ ।
पत्रकार तामाङले आफू नेपाल खाद्य संस्थान शाखा कार्यालयको चामलको फोटो लिन खोज्दा करिब ७५ जना मजदुर महिलाहरुले आफ्नो फोटो नखिच्नु भन्दै क्यामरा फुटाई दिन्छु भनेपछि सहयोगको लागि विमानस्थल सुरक्षार्थ खटिएका प्रहरी समक्ष जाँदा चन्दले फोटो खिच्ने अधिकार छैन भन्दै अपशब्द बोलेका थिए । जिल्ला प्रहरी कार्यालयका प्रमुख रामप्रसाद घर्तीमगरले सो घटनाको छानविन गर्ने बताउनुभएको छ ।
यस्तै लकडाउनको समयमा सिमकोट गाउँपालिका-५ स्थित काठेचुलीमा रहेको हेल्थ अस मेडिकल सेन्टरले दलित, गरिब, एकल महिला, जनजाति र विपन्न वर्गका व्यक्तिहरुलाई निःशुल्क उपचारको व्यवस्था गर्दै आएको छ ।
दुई वर्षदेखि डाक्टर हर्कसिंह भण्डारी लगायतको टिमले सेवा गरिरहेको उक्त सेन्टरमा कोरोना संक्रमणका बेला आवश्यकता अनुसार औषधी पनि निशुल्क गरिने सेन्टरले जनाएको छ । डाक्टर भण्डारीका अनुसार रातीको समयमा पनि फारमेसी सेन्टरमा फोन गरेर बिरामीको उपचार गर्ने प्रबन्ध मिलाइएको छ ।
यसैबीच नाम्खा गाउँपालिका-५ मुचुका बिरामी क्याप्चेन लामालाई काठमाडौंबाट हेलिकोप्टर चार्टर गरेर वैशाख ५ गते हुम्ला ल्याइएको छ । केही महिना अघिदेखि काठमाडौंको मेडिकेयर अस्पतालमा क्यान्सरको उपचार गरिरहेका लामालाई अस्पतालले सन्चो नहुने भन्दै घर फर्किनुको विकल्प नभएको बताएपछि हेलिकोप्टर रिजर्भ गरेर हुम्ला ल्याइएको आफन्त रिन्जिन लामाले बताउनुभयो ।

रिन्जिनका अनुसार बिरामीले परिवारका सदस्य र आफन्तहरुसँग भेट गर्ने मन गरेपछि १० लाख ५० हजार रुपियाँमा हेलिकोप्टर रिजर्भ गरी हुम्ला पुऱ्याइएको हो ।

**इन्सेक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** शुभकालिका गाउँपालिकाले १ सय १४ विपन्न परिवारलाई  बैशाख ५ गते खाद्यान्न वितरण गरेको छ ।
लकडाउनका कारण गुजारा गर्न गाऱ्हो भएका शुभकालिका गापा ५ र ६ का परिवारलाई कोरोना रोकथाम राहत कोषबाट १ सय १४ परिवारलाई राहत वितरण गरिएको अध्यक्ष खडानन्द चौलागाईंले जानकारी दिनुभयो ।
उहाँका अनुसार प्रति परिवार ३० किलो चामल, दुई किलो दाल, दुई पोका तेल र २ पोका नुन वितरण गरिएको छ ।
यस्तै बैशाख ४ गते रास्कोट नगरपालिका, पचालझरना, पलाता र शुभकालिका गाउँपालिकाका १ सय ६४ जनामा कोरोनाको द्रुत परीक्षण गरिएको स्वास्थ्य कार्यालय कालिकोटका सूचना अधिकारी कटक महतले बताउनुभएको छ । उहाँका अनुसार हालसम्म चारजना महिला र ६० जना पुरुषको परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेश श्रेष्ठका अनुसार** भेरी नगरपालिकाका १३ मध्ये ११ वडाका विपन्न तथा ज्याला मजदुरी गर्ने परिवारले कुनै पनि ठाँउबाट राहत नपाएको गुनासो गरेका छन । शिवालय र नलगाडका केही वडामा खाद्यान्न वितरण गरिएको भएपनि अन्य स्थानीय तह तथ्याङ्क संकलनमै अलमलिएका छन् ।
यस्तै बारेकोट गाउँपालिकाको रग्दा र नायकवाडा, छेडागाड नगरपालिकाको दशेरा, पजारु लगायतका स्थानमा रहेका खाद्य डिपोमा चामल नहुँदा पनि स्थानीय खाद्य संकटको चपेटामा परेका छन् । ढुवानीको जिम्मा लिएका ठेकेदारले समयमा ढुवानी नगर्दा डिपोमा नभएको र गाँउमा खाद्यान्न पसल नहुँदा स्थानीय समस्यामा परेको जुनीचाँदे–५ की हिमाली शाहीले बताउनु भयो ।
यसैगरी जुनीचाँदे गाउँपालिकाले ११ वटै वडाका ५ सय ९५ विपन्न परीवारलाई खाद्यान्न वितरण गरेको छ । यस्तै जुनीचाँदेमा ६१, नलगाडमा ४३ र छेडागाडमा २१ जनाको द्रुत परीक्षणमा कोरोना भाइरस नेगेटिभ आएको जिल्ला स्वास्थ्य सेवाकार्यालय जाजरकोटका निमित्तप्रमुख टिकाराम जैसीले जानकारी दिनु भयो ।
यसैबीच शिवालय गाउँपालिकामा नेपाल कम्युनिष्ट पार्टी जिल्ला कमिटी र गाउँ कमिटी सक्रिय रूपमा कोरोना भाइरस विरुद्ध जनचेतना जगाउँदै सक्रिय बनेको छ । गाउँपालिकाका ९ वटै वडामा अनावश्यक भिडभाड नगर्न, नियमित रुपमा साबुन पानीको प्रयोग गर्न, वैदेशिक रोजगारमा गएकाहरु अनिवार्य क्वारेन्टाइनमा बस्न जस्ता कुराहरु माइकिङ द्वारा भन्दै जनचेतना फैलाउने काममा लागेको शिवालय गाउँ कमिटी अध्यक्ष रंगनाथ योगीले बताउनु भयो । साथै नेकपाको टोलिले दश हजार थान मास्क र साबुन बितरण समेत गरेको छ ।

**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** लकडाउनको २५ औं दिन डोल्पामा कोरोना भाइरसको द्रुत परीक्षण गर्ने किट र उपकरण पुगेको छ । कोरोना आरडिटी परीक्षण किट १ सय ४० थान, मलेरीयाको किट १ सय २५ थान र रगत निकाल्न प्रयोग गरिने सेट जिल्लामा पुगेको स्वास्थ्य सेवा प्रमुख डाक्टर सिजन रावलले जानकारी दिनु भयो ।

जिल्लाको मुड्केचुला गाउँपालिका र जगदुल्ला गाउँपालिकामा बाहिरबाट आएका व्यक्तिको केही तथ्याङ्क भएकाले डाक्टर मछिन्द्र बडुवालको नेतृत्वमा ४ जनाको टोली सम्बन्धित स्थानीय तहमा गएर कोरानाको द्रुत परीक्षण गरिने स्वास्थ्य सेवा कार्यालय डोल्पाले जनाएको छ ।
विदेशबाट आएकाको कोरोना परीक्षण गरिए लगत्तै क्वारेन्टिनमा रहेका र केही लक्षण देखा परेकालाई परीक्षण गरिने प्रमुख जिल्ला अधिकारी सुरेस सुनारले बताउनु भयो । जिल्लामा ३ हजार भन्दा धेरै मानिस भित्रिएको भएपनि कुन स्थानीय तहमा कतिजना आए भन्ने तथ्याङ्क छैन । भारतबाट आएकाहरु धेरैजसो माथिल्लो डोल्पाका भएकाले मौसमा कारण अहिले माथिल्लो डोल्पामा परीक्षण गर्न सकिने संभावना भने निकै कम रहेको छ ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** सल्यानमा भारत लगायत अन्य मुलुकहरुबाट आएका २ सय ६३ जनाको द्रुत परीक्षण गरिएको छ । कपुरकोट, दार्मा र त्रिवेणी गाउँपालिकामा गरिएको परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य सेवा कार्यालय सल्यानका डा अर्जुन कुमार बुढाले जानकारी दिनुभयो । वैशाख ४ गते कपुरकोट गाउँपालिकामा ३६ जना, दार्मा गाउपालिकामा २ सय १० र त्रिबेणी गाउपालिकामा १६ जनाको परीक्षण गरिएको थियो भने जिल्ला अस्पताल सल्यानमा आइसोलेशनमा रहेका एक जनाको पनि परीक्षण गरिएको स्वास्थ्य कार्यालय सल्यानले जनाएको छ ।

**इन्सेक मुगु जिल्ला प्रतिनिधि जीवन सेजुवालका अनुसार** बैशाख ४ गते गरिएको द्रुत परीक्षणमा कोरोना पोजेटीभ देखिएका व्यक्तिको रिपोर्ट फेरी पोजेटिभ आएको छ ।
भारतको गोरखपुरबाट चैत १ गते घर पुगेका खत्याड गाँउपालिका निवासी उक्त व्यक्तिमा कोरोना पोजेटिभ देखिएपछि किटमा समस्या हुनसक्ने भन्दै बैशाख ५ गते पुनः परीक्षण गर्दा पोजेटिभ देखिएको प्रमुख जिल्ला अधिकारी कृष्ण कुमार निरौलाले जानकारी दिनुभयो । उहाँका अनुसार ति व्यक्तिलाई हाल गाउँपालिकाको आइशोसेलनमा राखिएको छ ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** जिल्लाका चार स्थानीय तहमा १ सय १३ जनाको परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको सहायक प्रमुख जिल्ला अधिकारी इन्द्रबहादुर क्षेत्रीले जानकारी दिनुभयो ।
नारायण नगरपालिका र दैलेख अस्पतालमा गरी २७ जना, नगरपालिकामा ८२ जना, ठाटीकाँध गाउँपालिकामा ३ जना र नौमूले गाउँपालिकामा १ जनाको परीक्षण गरिएको बताइएको छ ।

**इन्सेक सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापाका अनुसार** सुर्खेतको चौकुने गाउँपालिकाले रोजगारीको सिलसिलामा भारत गएका ३१ जना नागरिकलाई झापा र मोरङबाट उद्दार गरी ४ गते साँझ सुर्खेत ल्याएको छ ।
गाउँपालिकाका अध्यक्ष धिरबहादुर शाहीका अनुसार तीमध्ये २० जना चौकुने गाउँपालिकाका हुन् भने बाँकी पञ्चपुरी नगरपालिका सुर्खेतका १ जना, आठबिस नगरपालिकाका दैलेखका २ जना, जाजरकोटका २ जना र कैलालीका ६ जना रहेका छन् । कैलालीका नागरिकलाई बाँकेको कोहोलपुरबाट उनीहरुको स्थानीय तहले उद्दार गरेको थियो ।
भारतबाट फर्किने क्रममा सिमामा आएका उनीहरुलाई आफूले झापा र मोरङमा समन्वय गरी क्वारेन्टिनमा राख्न लगाएको र क्वारेन्टाइन अवधि पुरा गरेपछि उद्दारको लागि गाउँपालिकाले दुइटा

हाइस रिजर्भ गरी पठाइएको अध्यक्ष शाहीको भनाई छ । उहाँका अनुसार कोरोना भाइरस परीक्षणमा सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
यस्तै लेकवेशी नगरपालिकाले २ हजार ५ सय परिवारलाई ३ लाख ५० हजार रुपैंयाको राहत वितरण गरेको छ । लकडाउनको समयमा खान धौ धौ भएका अति विपन्नलाई राहत वितरण मापदण्ड अनुसार चामल, दान, नुन र तेल वितरण गरिएको नगरप्रमुख गगनसिङ सुनारले जानकारी दिनुभयो ।
यसैगरी सिम्ता गाउँपालिकाको कोरोना भाइरस विपद कोषमा सिम्ता बहुमुखी क्याम्पसले २५ हजार र वीरेन्द्रसिंह ठकुरीले एक लाख रुपैंया सहयोग गरेको गाउँपालिका अध्यक्ष कविन्द्रकुमार केसीले बताउनुभयो ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**